# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### भुक्तानी प्रणाली विभाग

**अनुमतिपत्र प्राप्त संस्थाहरुबाट मात्र भुक्तानी सम्बन्धी कार्य गर्ने/गराउने सम्बन्धमा नेपाल राष्ट्र बैंकको सूचना।**

भुक्तानी तथा फस्यौट ऐन, २०७५ को दफा ५ अनुसार कसैले पनि नेपाल राष्ट्र बैंकको अनुमति नलिई भुक्तानी प्रणाली सञ्चालन गर्न वा भुक्तानी सेवा प्रदायकको रुपमा काम गर्न वा त्यस्तो सेवा सञ्चालन गर्न नपाइने प्रावधान रहेकोमा केही संस्थाहरुले यस बैंकबाट अनुमति नलिई भुक्तानी सम्बन्धी कार्य गरिरहेको भन्ने विभिन्न माध्यमबाट जानकारी आएको सम्बन्धमा यस बैंकको ध्यानाकर्षण भएको छ। यस बैंकबाट अनुमतिपत्र नलिई भुक्तानी सम्बन्धी कार्य गर्नु/गराउनु गैरकानूनी भएकाले त्यस्तो कार्य गर्ने/गराउने जो कोहीलाई प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँछौ। यस बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्थाहरुको नामावली यस बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन गरिएको अनुरोध गर्दै अनुमति लिएका संस्थाहरु मार्फत् मात्र विद्युतीय भुक्तानी सम्बन्धी कार्य गर्नु/गराउनु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

मिति : २०७७/०१/२४

भवदीय,

(रेवतीप्रसाद नेपाल)
कार्यकारी निर्देशक